गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
**प्रदेश जनस्वास्थ्य कार्यालय**
कुश्मा, पर्वत, नेपाल

## प्रदेश जनस्वास्थ्य कार्यालय पर्वत

# जनस्वास्थ्य बुलेटिन

**वर्षः ३ अंकः २४ महिनाः २४ माघ २०८२**

## माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री डा. सुधा शर्मा गौतमज्यूको स्थलगत निरीक्षण

मिति २०८२ माघ १३ गते माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री डा. सुधा शर्मा गौतमज्यू ,ईपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका श्रीमान निर्देशक डा रोशन न्यौपाने ज्यु तथा गण्डकी प्रदेश स्वास्थ्य मन्त्रालयका श्रीमान महाशाखा प्रमुख डा रमेश के सी ज्यु ले प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको स्थलगत निरीक्षण तथा अनुगमन गर्नु भएको छ।








निरीक्षणका क्रममा माननीय मन्त्रीज्यूले प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको कोल्ड चेन व्यवस्थापनको विस्तृत अवलोकन गर्नुभयो। स्थलगत अवलोकनको क्रममा प्रदेश जनस्वास्थ्य कार्यालय प्रमुख श्री बद्रिराज आचार्य ज्यूले पर्वत जिल्लाको हालको पब्लिक हेल्थको अवस्था, प्रगति, प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतले गरेको नविनतम प्रयासहरु, ७ वटा स्थानिय तहमा भएका नविनतम कार्यक्रम सहित संघिय सरकार सगँको अपेक्षाको बारेमा जानकारी गराउनुभएको थियो। स्वास्थ्य तथा जनसंख्या मन्त्री डा. सुधा शर्मा गौतमले गण्डकी प्रदेशका विभिन्न जिल्लाहरूमा सञ्चालनमा रहेको डिजिटल स्वास्थ्य व्यवस्थापन प्रति चासो व्यक्त गर्नु भएको छ। यसलाई गण्डकीबाट देशब्यापी वनाउनु पर्ने कुरामा जोड दिनु भयो। उहाँले गण्डकी प्रदेशका सबै जिल्लामा डिजिटल स्वास्थ्य प्रणालीलाई अझ सुदृढ, प्रभावकारी र एकरूप बनाउँदै लैजान आवश्यक रहेको बताउनु भयो।

प्रदेश जनस्वास्थ्य कार्यालय मा आएर हामीलाई हौसला प्रदान गर्नुभएकोमा माननीय मन्त्री डा सुधा शर्मा ज्यु, ईपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका श्रीमान निर्देशक डा रोशन न्यौपाने ज्यु तथा गण्डकी प्रदेश स्वास्थ्य मन्त्रालयका श्रीमान महाशाखा प्रमुख डा रमेश के सी ज्यु प्रति हार्दिक आभार व्यक्त गर्दछौं।

## प्रदेश जनस्वास्थ्य कार्यालय पर्वत द्वारा माघ महिनामा सम्पादित कार्यक्रम

# प्रसूति सेवा प्रदायकहरुको लागि मातृ तथा नवशिशु स्वास्थ्य सम्बन्धी स्थलगत अनुशिक्षण एवं मेन्टोरिङ कार्यक्रम

मिती २०८२ माघ २ गते देखि ४ गते सम्म प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको आयोजनामा र मोदि गाउँपालिकाको समन्वयमा प्रसूति सेवा प्रदायकहरुको लागि मातृ तथा नवशिशु स्वास्थ्य सम्बन्धि onsite coaching मेन्टोरिङ कार्यक्रम बाजुङ स्वास्थ्य चौकीमा स्वास्थ्य चौकी व्यवस्थापन समितिको अध्यक्षज्यूको अध्यक्षतामा सम्पन्न भएको छ । On-site coaching mentoring मा सहभागी ३ जना सेवा प्रदायकहरुलाई पर्वत अस्पतालका वरिष्ठ अस्पताल नर्सिङ निरीक्षक सरस्वती बराल र सविता लम्सालले मेन्टरिङ गर्नु भएको थियो भने सहजीकरण जनस्वास्थ्य कार्यालय पर्वतका पब्लिक हेल्थ नर्सिङ निरिक्षक सुमन शर्मा र मोदि गाउँपालिका स्वास्थ्य शाखाका स्टाफ नर्स सुस्मिता शर्माले गर्नु भएको थियो । यस कार्यक्रममा Respectful Maternity care, Labour care guide, Non pneumatic Antishock garments,सामान्य प्रसूति , प्रसूती पछिको अत्याधिक रक्तस्राव व्यवस्थापन , Pre-eclampsia / Eclampsia को व्यवस्थापन , Condom tamponade, Kangaroo mother care, निशासिएको नवशिशुको व्यवस्थापन, recording reporting , infection prevention जस्ता विषयमा ज्ञान् सिपको बिकास गरिएको थियो । Onsite coaching को तेश्रो दिन गुणस्तर सुधार अनुगमन (QIP) र न्युनतम सेवा मापदन्डको जाचँ गरी सुधारको लागि व्यवस्थापन समिति सगं बैठक बसी सुधार गर्नुपर्ने विषयहरुमा कार्ययोजना पनि बनाइएको थियो । न्युनतम सेवा मापदन्डको लागि सहजिकरण मोदि गाउँपालिका स्वास्थ्य शाखामा कार्यरत जनस्वास्थ्य निरिक्षक बिक्रम भुवाजीले गर्नुभएको थियो ।










dhoparbat44@gmail.com phoparbat.gandaki.gov.np 067-420119

# प्रदेश जनस्वास्थ्य कार्यालय पर्वत द्वारा माघ महिनामा सम्पादित कार्यक्रम

## स्वस्थ मन, स्वस्थ जीवन : मानसिक स्वास्थ्य सचेतना अभियान २०८२

"मनको कुरा गरौं" भन्ने नाराका साथ स्वस्थ मन, स्वस्थ जीवनः मानसिक स्वास्थ्य सचेतना अभियान २०८२" अन्तर्गत प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको आयोजना र मोदि गाउपालिकाको समन्वयमा श्री जनजागृत मा.बि तिलाहारमा कक्षा ९ र १० मा अध्यनरत विधार्थीहरुलाई मानसिक स्वास्थ्य सम्बन्धि अभिमुखिकरण गरिएको छ जसमा सहजिकरण प्रदेश जनस्वास्थ्य कार्यालयका जनस्वास्थ्य अधिकृत सन्देश पोखेल र पब्लिक हेल्थ नर्स सुमन शर्मा , मोदि गाउपालिकाको स्टाफ नर्स सुस्मिता शर्मा र विधालय नर्स साबिता खत्रीले गर्नु भएको थियो । उक्त सेसनमा जम्मा १२० जना बिधार्थीहरुको उपस्थीति रहेको थियो । जनजागृति मा.वि. का प्रधानाध्यापकज्यू तथा सम्पूर्ण शिक्षक–शिक्षिकाज्यूहरूलाई विद्यालय स्वास्थ्य शिक्षाका क्रममा प्रदान गर्नु भएको सहयोगपूर्ण वातावरण तथा सहकार्यका लागि हार्दिक धन्यवाद व्यक्त गर्दै भविष्यमा पनि यस्तै सहयोगको अपेक्षा गर्दछौ ।







## प्रदेश जनस्वास्थ्य कार्यालय पर्वत द्वारा माघ महिनामा सम्पादित कार्यक्रम

### कुष्ठरोग दिवसको अवसरमा अन्तरक्रिया कार्यक्रम

मिति २०८२ माघ १२ गतेका दिन प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको तालिम हलमा ७३औं विश्व कुष्ठरोग दिवसको अवसरमा पत्रकार/सञ्चारकर्मीहरुको सहभागीतामा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरियो । उक्त कार्यक्रमको अध्यक्षता प्रदेश जनस्वास्थ्य कार्यालयका कार्यालय प्रमुख श्री बद्रीराज आचार्यले गर्नु भएको थियो, कार्यक्रमको आतिथ्यता जिल्ला समन्वय समिति पर्वतका प्रमुख श्री विष्णुराम बि.क.ज्यू ले गर्नु भएको थियो । "कुष्ठरोगको छ ओखती, सामाजिक लाञ्छना र विभेद मुख्य चुनौती" भन्ने मूल नाराका साथ सञ्चालन गरिएको कार्यक्रमको सञ्चालन प्रदेश जनस्वास्थ्य कार्यालयका परिवार नियोजन सुपर भाईजर निरीक्षक श्री नारायण प्रसाद रेग्मीले गर्नु भएको थियो, भने कार्यक्रममा सहजीकरण प्रदेश अस्पतालका कन्सल्टयान्ट मेडिकल अफिसर डा मिलन अवालेले गर्नु भएको थियो । कार्यक्रममा नेपाल पत्रकार महासंघ जिल्ला शाखा पर्वतका अध्यक्ष लक्ष्मण सापकोटा, नेपाल अपाङ्ग उत्थान समाज पर्वतका अध्यक्ष जगन्नाथ पौडेल, प्रदेश अस्पतालका नि. मेडिकल सुपरिटेन्डेन्ट डा. बालकृष्ण श्रेष्ठ र जिल्ला समन्वय समिति पर्वतका प्रमुख श्री विष्णुराम बि. क र प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतका प्रमुख श्री बद्री राज आचार्य ज्यूले कुष्ठरोगले गर्दा हुने भेदभाव, विभेद र लाञ्छना हटाउन सबैले आफ्नो ठाउँबाट भूमिका निभाउनु पर्ने बताउनु भएको थियो । उक्त कार्यक्रममा जिल्लामा क्रियाशिल पत्रकार, सरोकार वाला, स्वास्थ्यकर्मी गरी ४० जनाको सहभागीता रहेको थियो।










## प्रदेश जनस्वास्थ्य कार्यालय पर्वत द्वारा माघ महिनामा सम्पादित कार्यक्रम

## स्वास्थ्यकर्मीहरुका लागि HMIS/e-HMIS/DHIS-2 सम्बन्धि अभिमुखिकरण कार्यक्रम

मिति २०८२ माघ १३ देखि १५ गते सम्म प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको आयोजनामा जिल्लाका स्थानिय तहका स्वास्थ्य संस्थामा कार्यरत नयाँ नियुक्त भएका तथा यस अघि तालिम नलिएका स्वास्थ्यकर्मिहरुका लागि HMIS/e-HMIS/DHIS-2 सम्बन्धि अभिमुखिकरण कार्यक्रम प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतका कार्यालय प्रमुख बद्रीराज आचार्य ज्युको अध्यक्षतामा प्रदेश जनस्वास्थ्य कार्यालयको सभाहलमा सम्पन्न भएको छ। स्वास्थ्य संस्थामा रेकर्डिङ र रिपोर्टिङ कार्यमा संलग्न स्वास्थ्यकर्मीहरुलाई परिमार्जित HMIS Recording/Reporting Tools भर्ने सीप विकास गराई HMIS डिजिटाईजेसन गर्ने र प्रतिवेदनमा एकरुपता ल्याउने ,एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली (IHMIS/DHIS) सम्बन्धी ज्ञान प्रदान गर्ने र तथ्याङ्कको विश्लेषण गर्ने सीपको विकास गर्ने उदेश्यले यो कार्यक्रम सन्चालन गरिएको छ। कार्यक्रमको संचालन प्रदेश जनस्वास्थ्य कार्यालयका तथ्याङ्क सहायक रामचन्द्र सुवेदीले गर्नुभएको थियो भने कार्यक्रममा सहजिकरण स्वास्थ्य मन्त्रालय गण्डकी प्रदेश,पोखराका बरिष्ठ तथ्याङ्क अधिकृत दिवाकर शर्मा,प्रदेश जनस्वास्थ्य कार्यालय मुस्ताङका सहायक तथ्याङ्क अधिकृत राजन पहाडी,प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतका पब्लिक हेल्थ नर्सिङ निरिक्षक सुमन शर्मा तथा तथ्याङ्क सहायक रामचन्द्र सुवेदीको सहजिकरण रहेको थियो। कार्यक्रममा प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतका कार्यक्रम फोकल पर्सन तथा जिल्लाका सातवटै स्थानीय तहबाट स्वास्थ्य चौकीमा कार्यरत २१ जना स्वास्थ्य चौकी प्रमुख तथा स्वास्थ्यकर्मिहरुको सहभागिता रहेको थियो।









# प्रदेश जनस्वास्थ्य कार्यालय पर्वत द्वारा माघ महिनामा सम्पादित कार्यक्रम

## "हरेक महिना एक स्वास्थ्यकर्मी, एक स्वास्थ्य शिक्षा" सन्दर्भ सामग्री

यस माघ महिनामा "हरेक महिना एक स्वास्थ्यकर्मी, एक स्वास्थ्य शिक्षा" सम्बन्धी ३ वटा शिर्षकहरुका सन्दर्भ सामग्री हरु विकास गरी स्वास्थ्यकर्मी माझ उपलब्ध गराइएको छ :


- कुष्ठरोग
- आयोडिन
- पाठेघरको मुखको क्यान्सर

तैयार पारिएको उक्त सामग्रीहरु ले यस महिना मा परेका विश्व कुष्ठरोग दिवस, फेब्रुअरी महिना : आयोडिन महिना साथै नियमित खोप अन्तरगतको HPV खोप कार्यक्रम लाई विद्यालयस्तर मा मनाउन एवं जनचेतना अभिवृद्धि गर्न सहयोग पुर्याएका छन् ।










# प्रदेश जनस्वास्थ्य कार्यालय पर्वत द्वारा माघ महिनामा सम्पादित कार्यक्रम

## एच.पि.भी. खोप सञ्चालन सम्बन्धी अन्तरक्रिया एवं योजना तर्जुमा गोष्ठी

प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको आयोजनामा मिति २०८२ माघ १९ गते प्रदेश जनस्वास्थ्य कार्यालय पर्वत को सभा हलमा संचालित राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत नियमित खोप सेवामा पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप एच.पि.भी. खोप सञ्चालन सम्बन्धी अन्तरक्रिया एवं योजना तर्जुमा गोष्ठी कार्यक्रम सम्पन्न भएको छ । गत आर्थिक वर्षमा संचालित महिलाहरुमा हुने पाठेघरको मुखको क्यान्सर रोग विरुद्धको एच.पि.भी. खोप अभियान २०८१ सँग सम्बन्धित विभिन्न क्रियाकलापहरुको समीक्षा गरी त्यसको निस्कर्ष र सिकाईहरुलाई अवलम्बन गर्दै यस आर्थिक वर्ष ०८२/८३ देखि नियमित खोपमा समावेश भई माघ २७ गते देखि २९ गते सम्म संचालन हुन गईरहेको एच.पि.भी. खोप कार्यक्रमलाई सफलतापूर्वक सम्पन्न गर्न कार्ययोजना तयार गर्ने, स्वास्थ्य र शिक्षाबीचको समन्वय र सहकार्यलाई तिव्रता दिई नियमित खोप सेवा सुदृढिकरण गर्ने तथा विद्यालय पूर्ण खोपको अवधारणालाई सफल पार्ने र महिलाहरुमा हुने पाठेघरको मुखको क्यान्सर र एच.पि.भी. खोपको बारेमा जानकारी गराउने उद्देश्य अनुरुप उक्त कार्यक्रम संचालन गरिएको हो । प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतका प्रमुख आदरणीय श्री बद्री राज आचार्य ज्यूको अध्यक्षतामा संचालित उक्त कार्यक्रमको संचालन प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतका परिवार नियोजन सुपर भाईजर निरीक्षक नारायण प्रसाद रेग्मीले ले गर्नुभएको थियो भने पव्लिक हेल्थ नर्स निरीक्षक सुमन शर्माले स्वागत मन्तव्य राख्नुभएको थियो । प्रदेश अस्पताल पर्वतका बालरोग विशेषज्ञ डा. प्रकाश गौतम, प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतका कार्यालय प्रमुख बद्री राज आचार्य, शिक्षा विकास तथा समन्वय इकाई,पर्वतका कार्यालय प्रमुख श्री मतिलाल चपाई र प्रदेश जनस्वास्थ्य कार्यालयका परिवार नियोजन सुपर भाईजर निरीक्षक श्री नारायण प्रसाद रेग्मीले सहजिकरण गर्नुभएको उक्त कार्यक्रममा सात वटै स्थानीय तहका स्वास्थ्य शाखा प्रमुखहरु, शिक्षा शाखा प्रमुखहरु र पालिका खोप फोकल पर्सन, प्रदेश जनस्वास्थ्य कार्यालयका फोकल पर्सन गरी २६ जनाको सहभागीता रहेको थियो । नेपाल सरकारले पाठेघरको मुखको क्यान्सर विरुद्धको एच.पि.भि. खोप फागुन महिनामा सञ्चालन गर्ने नीति भए ता पनि यस वर्ष विशेष परिस्थितिका कारण माघ महिनाको २७ गते देखि २९ गते सम्म जिल्ला भरी एकै पटक सञ्चालन गर्ने निर्णय उक्त गोष्ठीबाट भएको छ। यस वर्ष पर्वत जिल्लाका विद्यालयमा कक्षा ६ मा अध्ययनरत छात्रा एवम विद्यालय बाहिरका १० वर्ष उमेर समुहका बालिका तथा गत वर्ष खोप लगाउन छुट कक्षा ७ देखि १० सम्म अध्ययनरत छात्रा, विद्यालय नजाने ११ वर्ष देखि १४ वर्ष सम्मका किशोरी गरी जम्मा ९४९ जना छात्रा तथा किशोरीहरुलाई पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप सेवा प्रदान गर्ने व्यहोरा सम्पुर्णमा अनुरोध गरियो।





## प्रदेश जनस्वास्थ्य कार्यालय पर्वत द्वारा माघ महिनामा सम्पादित कार्यक्रम

### एच.पि.भी. खोप सञ्चालन सम्बन्धी जिल्ला खोप समन्वय समिति, सञ्चारकर्मी तथा सरोकारवाला सँग बहस, पैरवी एवं अन्तरक्रिया कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको आयोजनामा मिति २०८२ माघ २१ गते प्रदेश जनस्वास्थ्य कार्यालय पर्वत को सभा हलमा राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत नियमित खोप सेवामा पाठेघरको मुखको क्यान्सर विरुद्ध को खोप एच.पि.भी. खोप सञ्चालन सम्बन्धी जिल्ला खोप समन्वय समिति,पत्रकार,सञ्चारकर्मी तथा सरोकारवाला सँग बहस,पैरवी एवं अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । यसै माघ २७ गते देखि २९ गते सम्म संचालन हुन गईरहेको एच.पि.भी. खोप कार्यक्रमलाई सफलतापूर्वक सञ्चालन गर्ने, जिल्ला खोप समन्वय समिति,सञ्चार जगत तथा सरोकारवालाहरुसँग समन्वय र सहकार्यलाई तिव्रता दिई नियमित खोप सेवा सुदृढिकरण गर्ने र महिलाहरुमा हुने पाठेघरको मुखको क्यान्सर र एच.पि.भी. खोपको बारेमा जानकारी गराउने उद्देश्य अनुरुप उक्त कार्यक्रम संचालन गरिएको हो । जिल्ला खोप समन्वय समिति पर्वतका संयोजक तथा जिल्ला समन्वय समिति पर्वतका प्रमुख श्री विष्णुराम वि.क.ज्यूको अध्यक्षता,जिल्ला समन्वय समितिका उपप्रमुख श्री सोम बहादुर जि.सी.प्रमुख जिल्ला अधिकारी श्रीमान लक्ष्मी प्रसाद पौडेल,प्रदेश अस्पताल व्यवस्थापन समिति पर्वतका अध्यक्ष श्री याम बहादुर परियारको आतिथ्यतामा सञ्चालन गरिएको उक्त कार्यक्रमको संचालन प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतका परिवार नियोजन सुपर भाईजर निरीक्षक नारायण प्रसाद रेग्मीलेले गर्नुभएको थियो भने पब्लिक हेल्थ नर्स निरीक्षक सुमन शर्माले स्वागत मन्तव्य राख्नुभएको थियो । उक्त कार्यक्रममा प्रदेश प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतका कार्यालय प्रमुख बद्रीराज आचार्य, प्रदेश अस्पतालका नि.मे सु डा ढुण्डीराज पौडेलले सहजिकरण गर्नुभएको उक्त कार्यक्रममा जिल्ला खोप समन्वय समिति,पत्रकार,सञ्चारकर्मी र सरोकारवाला गरी ३५ जनाको सहभागिता रहेको थियो ।नेपाल सरकारले पाठेघरको मुखको क्यान्सर विरुद्धको एच.पि.भि. खोप फागुन महिनामा सञ्चालन गर्ने नीति भएता पनि यस वर्ष विशेष परिस्थितिका कारण माघ महिनाको २७ गते देखि २९ गते सम्म जिल्ला भरी एकै पटक सञ्चालन गरिने भएको छ।






## प्रदेश जनस्वास्थ्य कार्यालय पर्वत द्वारा माघ महिनामा सम्पादित कार्यक्रम

# प्रसूति सेवा प्रदायकहरुको लागि मातृ तथा नवशिशु स्वास्थ्य सम्बन्धी स्थलगत अनुशिक्षण एवं मेन्टोरिङ कार्यक्रम

मिती २०८२ माघ २१ गते देखि २३ गतेसम्म प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको आयोजनामा र कुश्मा नगरपालिकाको समन्वयमा प्रसूति सेवा प्रदायकहरुको लागि मातृ तथा नवशिशु स्वास्थ्य सम्बन्धि onsite coaching मेन्टोरिङ कार्यक्रम कुश्मा आधारभुत अस्पतालमा अस्पताल व्यवस्थापन समितिको उपाध्यक्षज्यूको अध्यक्षतामा सम्पन्न भएको छ । On-site coaching mentoring मा सहभागी ४ जना सेवा प्रदायकहरुलाई पर्वत अस्पताल कुश्माका वरिष्ठ अस्पताल नर्सिङ निरीक्षक सरस्वती बराल र शोभा श्रेष्ठले मेन्टरिङ गर्नु भएको थियो भने सहजीकरण जनस्वास्थ्य कार्यालय पर्वतका पब्लिक हेल्थ नर्सिङ निरिक्षक सुमन शर्मा र कुश्मा नगरपालिकास्वास्थ्य शाखाका सि.अ.न.मी.नि दुर्गा सापकोटा गर्नु भएको थियो । यस कार्यक्रममा Respectful Maternity care, Labour care guide, Non pneumatic Antishock garments,सामान्य प्रसूति , प्रसूती पछिको अत्याधिक रक्तस्राव व्यवस्थापन , Pre eclampsia / Eclampsia को व्यवस्थापन , Condom tamponade, Kangaroo mother care, निशासिएको नवशिशुको व्यवस्थापन, recording reporting , infection prevention जस्ता विषयमा ज्ञान् सिपको बिकास गरिएको थियो । Onsite coaching को तेश्रो दिन गुणस्तर सुधार अनुगमन (QIP) र न्युनतम सेवा मापदन्डको जाचँ गरी सुधारको लागि व्यवस्थापन समिति सगं बैठक बसी सुधार गर्नुपर्ने विषयहरुमा कार्ययोजना पनि बनाइएको थियो । यस सगै यस आर्थिक वर्षमा ४ वटा प्रसूति केन्द्रमा अनसाईट कोचिङ मेन्टोरिङ सकिएको छ । मेन्टोरिङको अन्तिम दिनमा e-H,MIS र pregnancy registration and tracing application को वारेमा जनस्वास्थ्य कार्यालय पर्वतका पब्लिक हेल्थ नर्सिङ निरिक्षक सुमन शर्माले अनुगमन गरि नर्सिङ्ग कर्मचारिहरुलाई अभिमुखिकरण गर्नु भएको थियो ।









# प्रदेश जनस्वास्थ्य कार्यालय पर्वत द्वारा माघ महिनामा सम्पादित कार्यक्रम

## पाठेघरको मुखको क्यान्सरविरुद्धको एच.पि.भी. खोप कार्यक्रम

माघ २७ देखि २९ गतेसम्म सञ्चालन गरिएको नियमित खोप कार्यक्रम अन्तर्गतको पाठेघरको मुखको क्यान्सरविरुद्धको एच.पि.भी. खोप कार्यक्रम जिल्लाभर सफलतापूर्वक सम्पन्न भएको छ। यस अभियानअन्तर्गत जिल्लाका सातवटै स्थानीय तहका किशोरीहरूले उत्साहपूर्वक सहभागिता जनाउँदै खोप सेवा लिएका छन्। कार्यक्रमअनुसार कक्षा ६ का सबै छात्रा, विद्यालय बाहिर रहेका १० वर्षका किशोरीहरू, गत वर्षको एच.पि.भी. खोप अभियानमा छुट भएका हाल कक्षा ७—१० मा अध्ययनरत छात्रा तथा ११—१४ वर्ष उमेर समूहका विद्यालय बाहिरका किशोरीहरूलाई लक्षित गरी खोप प्रदान गरिएको थियो। आ—आफ्नो विद्यालय, नजिकैको विद्यालय वा स्वास्थ्य संस्थामार्फत खोप सेवा उपलब्ध गराइएको यस कार्यक्रममा कुल ९४९ जना लक्षित किशोरीमध्ये ९४६ जनाले खोप लगाएका छन्, जुन अत्यन्तै उत्साहजनक उपलब्धि हो। छुट भएका विद्यार्थीहरूलाई आगामी दिनहरूमा समेत खोप सेवा उपलब्ध गराउन सम्बन्धित निकायलाई निर्देशन दिइएको छ। नेपाल सरकारले सामान्यतया फागुन महिनामा एच.पि.भी. खोप कार्यक्रम सञ्चालन गर्ने नीति रहे पनि यस वर्ष विशेष परिस्थितिका कारण माघ २७ देखि २९ गतेसम्म जिल्लाभर एकैपटक अभियानका रूपमा सञ्चालन गरिएको हो। यस कार्यक्रमले किशोरीहरूमा पाठेघरको मुखको क्यान्सरविरुद्ध दीर्घकालीन सुरक्षा प्रदान गर्ने अपेक्षा गरिएको छ।











# दादुरा बारे जान्नै पर्ने कुरा

दादुरा मिजल्स् भाइरसबाट हुने अति संक्रामक रोग हो। यो रोग कुनै पनि उमेरको मानिसलाई र विशेष गरि बालबालिकालाई लाग्न सक्दछ । अति संक्रामक भएको कारणले गर्दा, यो रोगले छिट्टै महामारीको रूप लिन सक्दछ ।
यो रोग संक्रमित व्यक्तिले खोक्दा, हाच्छिउँ गर्दा वा श्वासप्रश्वासको माध्यमबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्दछ ।




## दादुराका चिन्ह वा लक्षणहरु

- उच्च ज्वरो आउनु
- खोकी लाग्नु
- आँखा रातो हुनु
- नाकबाट पानी बग्नु
- शरीरमा राता मसिना बिमिराहरु देखिनु

यो रोग लागेमा झाडापखाला लाग्ने, कुपोषण हुने, कान पाक्ने, श्वासप्रश्वासको कडा संक्रमण (निमोनिया) हुने, आँखामा समस्या भई अन्धोपन हुने, मस्तिष्कमा कडा खालको सुजन हुने वा मस्तिष्क ज्वरो आउने, कम्पन हुने, जस्ता जटिलताको कारण मृत्यु पनि हुन सक्ने सम्भावना हुन्छ । त्यसैले दादुराका चिन्ह वा लक्षणहरु देखिएमा तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्दछ।




## दादुराको विरामी पत्ता लागेमा गरिने उपचार तथा व्यवस्थापन

- शंकास्पद विरामीहरुमा दादुराको लक्षण देखापरेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।
- महामारी फैलन नदिन शंकास्पद विरामीहरुलाई आइसोलेसनमा राख्ने ।
- हाच्छिउँ गर्दा, खोक्दा नाक र मुख सफा रुमालले छोप्ने ।
- व्यक्तिगत सरसफाईमा बिशेष ध्यान दिने । बेला बेलामा साबुन पानीले मिचिमिची हात धुने ।
- संक्रमित व्यक्तिलाई भिडभाड भएका सार्वजनिक ठाउँहरु नलैजाने र नपठाउने। घर भित्र हावा ओहोरदोहोर हुने, सफा र घाम लाग्ने कोठामा राख्ने ।
- संक्रमित बालबालिकालाई स्याहार गर्ने व्यक्तिले मास्क लगाइरहने ।



दादुरा संक्रमित बालबालिकालाई साविक भन्दा बढी पोषिलो खानेकुरा खुवाउने गरौं । दादुरा भएका प्रत्येक बालबालिकालाई स्वास्थ्यकर्मीको सल्लाह अनुसार भिटामिन ए खुवाउनु पर्दछ।

## दादुराबाट बच्न अपनाउन पर्ने रोकथामका उपायहरु

- ९ महिना र १५ महिनाका बालबालिकालाई दादुरा-रुबेला मिश्रित २ मात्रा खोप अनिवार्य लगाउने ।
- ५ वर्ष मुनि बालबालिका दादुरा-रुबेला खोप लगाउन छुट भएमा नजिकको स्वास्थ्य संस्थामा खोप लगाउने ।
- दादुरा-रुबेला भएको विरामीको सम्पर्कबाट टाढा रहने ।
- ६ महिना देखि ५ वर्ष सम्मका बालबालिकालाई वर्षको २ पटक वैशाख र कार्तिक महिनामा भिटामिन ए क्याप्सुल खुवाउने ।
- बालबालिकालाई कुपोषण हुनबाट बचाउन पोषिलो खानेकुराहरु खुवाउने र सरसफाईमा ध्यान दिने ।



# पर्वत जिल्लास्थित विभिन्न स्थानीय तहद्वारा माघ महिनामा सम्पादित कार्यक्रम

## कुश्मा नगरपालिका

- मासिक बैठक संचालन गरि विभिन्न रेकडिग तथा रिपोटिङ माभएका समस्याहरूमा छलफल एव सम्पन्न ;
- नियमीत खोप सेवा अन्तरगत विधालयमा केन्द्रित HPV खोप कार्यक्रमको पालिका स्तरिय अभिमुखिकरण तथा योजना तर्जुमा एव १४ वटै वडा हरूमा वडा खोप समंन्वय समितीको अभिमुखिकरण संचालन, तयारी तथा माधको २७- २९ गते सम्म खोप कार्यक्रम संचालन गरि ३२७ जना किशोरीहरू लाई HPV खोप सेवा प्रदान ;
- नसर्ने रोगको स्कृनिङ कार्यक्रम १४ वटै वडामा संचालन एव गाउघर किल्निक सम्म सेवा विस्तार;
- जेष्ठ नागरिक संग वडा अध्यक्ष कार्यक्रम अन्तरगत वडा नं १ र २ मा जेष्ठ नागरिक लक्षित घरदैलौमै गएर नसर्ने रोगको स्कृनिङ स्वास्थ्य सेवा प्रदान गरिएको ;
- नियमीत रूपमा विद्यालय स्वास्थ्य शिक्षा प्रदान ;

## पैयुँ गाउँपालिका

- ७ वटै वडामा अध्यक्ष संग जेष्ठ नागरिक स्वास्थ्य परिक्षण शिविर सम्पन्न ;
- नियमित मासिक बैठक सम्पन्न ;
- नियमित RUSG सेवा संचालन ;
- टोल टोलमा तथा स्वास्थ्य संस्थामा नसर्ने रोगको स्क्रिनिङ शिविर सञ्चालन ;
- उपाध्यक्षसंग गर्भवती तथा सुत्केरी भेटघाट कार्यक्रम अन्तर्गत नगद ५००० पोषण भत्ता वितरण कार्यक्रमको निरन्तरता ;
- लक्षित जनसंख्या लाइ HPV कार्यक्रम सम्पन्न ।




## मोदी गाउँपालिका

- नियमित मासिक बैठक सम्मन्न ; आ.ब.२०८२।०८३ पौष महिनामा सम्पन्न भएका स्वास्थ्यका कार्यक्रमहरुको मासिक समीक्षा लगाएत स्वास्थ्य आगामी दिनहरुमा स्वास्थ्य सम्बन्धी गर्नुपर्ने कामहरुको बारेमा छलफल साथै कार्यक्रमहरुको प्राथमिकता, योजना, कार्यक्रम तथा बजेटको बारेमा छलफल भएको ;
- मोदी गाउँपालिकाको आयोजना तथा मोदी गाउँपालिका भित्र रहेका स्वास्थ्य चौकीहरुको समन्वयमा आर्थिक बर्ष २०८२/०८३ को पहिलो फलो अप कार्यक्रम सम्पन्न भएको ;
- मोदी गाउँपालिकाको आयोजनामा मिति २०८२ साल माघ २३ गतेका दिन पालिका स्तरिय वडा खोप समन्वय समितिको बैठक तथा अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ ।मोदी गाउँपालिकामा मिति २०८२ माघ २७ गते देखि २९ गते सम्म

## जलजला गाउँपालिका

- नियमित मासिक बैठक तथा प्रगति समीक्षा सम्पन्न गरी eHMIS, DHIS, eTB, PAMS लगायतका प्रणालीसम्बन्धी विषयमा विस्तृत छलफल तथा अद्यावधिक कार्य सम्पन्न ;
- नियमित खोप सेवा अन्तर्गत विद्यालय केन्द्रित एच.पि.भी. खोप कार्यक्रम सञ्चालनका लागि पालिका स्तरीय खोप समन्वय समितिको अभिमुखीकरण तथा सूक्ष्म योजना गोष्ठी सम्पन्न गरिएको साथै वडा स्तरीय खोप समन्वय समिति, स्वास्थ्यकर्मी र स्वयंसेवक शिक्षकहरूको अभिमुखीकरण कार्यक्रम सञ्चालन ;
- विद्यालय केन्द्रित एच.पि.भी. खोप कार्यक्रम अन्तर्गत माघ २७ देखि २९ गतेसम्म १०६ जना लक्षित किशोरीहरूलाई खोप सेवा प्रदान ;
- ग्रामीण भिडियो एक्स—रे सेवा कार्यक्रम तथा VIA (Visual Inspection with Acetic Acid) सेवा निरन्तर रूपमा सञ्चालन ;

संञ्चालन हुने एच. पि.भि खोप कार्यक्रमको कार्ययोजना,तयारी लगाएतका बिषयहरुमा लगाएतका बिषयहरुमा छलफल गरिएको ;

- मिति २०८२ माघ २७ देखी २९ सम्ममा HPV खोप कार्यक्रम सम्पन्न भएको छ । लक्षित जनसंख्याको ९७% छात्राहरुले उक्त खोप पाएका र बाकी थोरै छात्राहरुले उक्त खोप पाएका छैनन तर खोप छुट बच्चाहरुले केही दिन भित्र उक्त खोप प्राप्त गर्ने ।
- किशोरकिशोरीहरूको पोषण अवस्था मापन, मूल्याङ्कन तथा आवश्यक परामर्श सेवा प्रदान ;
- बाँससखर्क स्वास्थ्य चौकी, मल्लाज स्वास्थ्य चौकी, लेखफाँट स्वास्थ्य चौकी, शालिजा स्वास्थ्य चौकी तथा धाइरिङ स्वास्थ्य चौकीमा न्यूनतम सेवा मापदण्ड (Minimum Service Standards) कार्यक्रम सम्पन्न।

## महाशिला गाउँपालिका

- नियमित मासिक बैठक तथा उत्कृष्ठ स्वास्थ्य संस्था पुरस्कृत कार्यक्रम ;
- शुक्रबारे सरसफाइ तथा संस्थाको फेसबुक पेजबाट स्वास्थ्य शिक्षा मुलक सन्देश प्रसारण ;
- बालरोग को शिविर संचालन तथा ५ वर्ष मुनिका बच्चाहरुको पोषण लेखाजोखा कार्यक्रम ;
- ज्येष्ठ नागरिकको घरघरमा गई स्वास्थ्य परिक्षण तथा नसर्ने रोगको स्क्रिनिङ ;
- HPV खोप संचालन गरी कक्षा ६ का ५३ जना छात्राहरुलाई खोप सेवा प्रदान ;
- ग्रामीण भिडियो एक्सरे कार्यक्रमलाई निरन्तरता ;
- पूर्ण खोपको घरधुरी सर्वेक्षण कार्यक्रम को शुरुवात

## विहादी गाउँपालिका

- नियमित मासिक बैठक तथा प्रगति समिक्षा (eHMIS, DHIS, eTB, PAMS) लगायत विषयमा छलफल ;
- PNC home visit कार्यक्रमको पालिका स्तरीय समिक्षा तथा योजना गोष्ठी कार्यक्रम सम्पन्न ;
- नियमित खोप सेवामा विद्यालय केन्द्रित HPV खोप कार्यक्रमको लागि पालिका स्तरीय खोप समन्वय समितिको अभिमुखीकरण तथा सुक्ष्म योजना गोष्ठी सम्पन्न । साथै वडा स्तरीय खोप समिति, स्वास्थ्यकर्मी र स्वंसेवक शिक्षक अभिमुखकारण सम्पन्न ;
- विहादी गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरूमा दुई वर्ष मुनिका बालबालिकाहरुको पोषण अवस्थाको लेखाजोखा सञ्चालन ;
- विद्यालय केन्द्रित HPV खोप कार्यक्रम अन्तर्गत माघ २७ देखि २९ गते सम्म जम्मा ६९ जना लक्षित किशोरीहरूले HPV खोप प्रदान ।

## फलेवास नगरपालिका

- नसर्ने रोगको स्क्रिनिङ शिविर सञ्चालन ;
- नियमित मासिक बैठक सम्पन्न ;
- नियमित RUSG सेवा संचालन ;
- HPV खोप संचालन गरी छात्राहरुलाई खोप सेवा प्रदान
- ग्रामीण भिडियो एक्सरे कार्यक्रमलाई निरन्तरता ;
- विद्यालय स्वास्थ्य शिक्षा प्रदान ।




**प्रकाशित मितिः २०८२ फाल्गुण १**